अनुसूची (२)

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २०७६

मितिः २०७६/०९/१०

भाग–२

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विक्रम सम्वत २०७६ सालको कार्यविधि नं. ५

## बोका (बोयर वा अन्य जात) खरिद गरि व्यवसाय प्रवर्द्धन गर्नका लागि वनेको कार्यविधि



Scanned with CamScanner

## प्रस्तावना :

नेपालको कुल घरपालुवा पशुपंछीहरू मध्ये कमै मात्र नश्ल सुधार भएको वर्तमान अवस्थामा स्थानिय बाख्राहरूलाई नश्ल सुधार गरि उत्पादन र उत्पादकत्वमा उल्लेख्य रूपमा बृद्धि गर्न उन्नत नश्लका बोकाहरूको अपरिहार्यता छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम बोका खरिद (बोयर वा अन्य जात) अनुदान परिचालन कार्यविधि २०७६ रहेको छ ।

ख) यो कार्यविधि गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. परिभाषा :

क) गाउँपालिका भन्नाले दोरम्बा गाउँपालिका सम्झनु पर्दछ ।

ख) पशु विकास शाखा भन्नाले दोरम्बा गाउँपालिकाको पशु विकास शाखा सम्झनु पर्दछ ।

ग) कार्यविधि भन्नाले बोका खरिद (बोयर वा अन्य जात) अनुदान परिचालन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

घ) कार्यक्रम भन्नाले बोका खरिद (बोयर वा अन्य जात) सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ ।



### ३. उद्देश्य :

क) दोरम्बा गाउँपालिकाको पशुपालन नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्ने ।

ख) व्यवसायीक पशुपंछी पालनलाई सहजीकरण, प्रवर्द्धन एवम् व्यवसायीकरण गर्नको लागि आवश्यक लक्षित वर्गसम्म पुऱ्याउन सहयोग स्वरूप टेवा पुऱ्याउने ।

ग) पशुपंछीपालन व्यवसायबाट थप रोजगारीको अवसर सिर्जना गरि जिवनस्तर सुधार गर्ने ।

घ) पशुपंछीजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्न तथा उत्पादन लागत मान्यनिकरण गर्ने ।

## परिच्छेद -२

### ४. कार्यक्रम संचालन सम्बन्धि व्यवस्था :

१) कार्यक्षेत्र : यो कार्यक्रम दोरम्बा गाउँपालिकाको सबै वडाहरूमा संचालन गरिनेछ ।

२) दोरम्बा गाउँपालिकाको पशु विकास शाखाले १५ दिने म्यद राखि अनुसुचि १ बमोजिम सबै वडाहरूमा निवेदन आव्हानको सुचना प्रकाशन गर्नेछ ।

३) अनुसुचि २ बमोजिमको मापदण्डमा रहि प्रत्येक वडा कार्यालयले एक जना बोका पालक कृषक छनौट गरि सिफारिस साथ पठाउनु पर्नेछ ।

४) छनौट भएका कृषकहरूले १५ दिनभित्र अनुसुची ३ बमोजिमको सम्झौता गर्नुपर्नेछ ।



Scanned with CamScanner

५) छनौट भएका व्यवसायीहरूले नजिकको बैंकमा खाता खोल्नुपर्नेछ ।

६) कार्यक्रम संचालनको लागि अनुदान रकम कार्यालयले फिल्ड भेरिफीकेशन र कार्य सम्पादनको आधारमा खातामा जम्मा गरिनेछ ।

७) कार्यक्रममा सहभागि व्यवसायी कृषकले बालि तथा पशु बिमा कार्यविधि २०६९ बमोजिम पशुपन्छी बिमा गर्नुपर्नेछ ।

८) प्रस्तावकले सरकारी निकायबाट विगत २ वर्षसम्म एक लाख भन्दा बढिको नगद तथा वस्तुगत अनुदान सहयोग लिईसकेको भए छनौट प्रकृयामा समावेश गराइने छैन ।

## ५. अनुगमन, मुल्यङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यावस्था :

यस कार्यक्रमको अनुगमन, मुल्याङ्कन छनौट समिति र सम्बन्धित दोरम्बा गाउँपालिकाले गर्नेछ र सोको प्रगति, प्रतिवेदन सम्बन्धित दोरम्बा गाउँपालिकाको पशु विकास शाखामा पठाउनु पर्नेछ ।

## ६. थप घट वा हेरफेर हुन सक्ने :

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यलयले आवश्यक अनुसार थप घट, हेरफेर वा खारेज गर्न सक्ने छ ।

ख) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।



## अनुसुची–१

## निवेदनको ढाँचा

श्री वडा अध्यक्ष ज्यू

.....नं. वडा कार्यालय

..........., रामेछाप

विषय : बोका पालक कृषक छनौट गरि पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा यस दोरम्बा गाउँपालिका पशु विकास शाखाको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रजननको लागि बोका (बोयर वा अन्यजात) खरिद ५० प्रतिशत अनुदानको कार्यक्रम रहेको हुँदा त्यस वडा बाट तपशिलका मापदण्ड भित्र रहेर बोका पालन गर्न सक्ने सक्षम एक जना कृषक छनौट गरि शिफारिस साथ यस दोरम्बा गाउँपालिका पशु विकास शाखामा पठाईदिनु हुन अनुरोध गरिन्छ ।

तपशिल

१. व्यवसायिक कृषकलाई विशेष मान्यता दिनुपर्नेछ ।

२. व्यवस्थित खोर निर्माण गरेको हुनु पर्नेछ ।

३. आहाराको लागि उचित दाना र घाँसको व्यवस्थापन गरेको हुनुपर्नेछ ।

४. बोकापालक कृषक ईच्छुक, जोसिलो, जागरिलो साथै जुनसुकै समयमा पनि सेवादिन सक्ने व्यक्ति हुनुपर्नेछ ।

५. सकभर वडा भित्रको केन्द्रविन्दुमा पर्ने गरि छनौट गर्नुपर्नेछ ।

६. बोयरबोका खरिद गरि ल्याएको कृषक छ भने वडाले मान्यता दिन सक्नेछ ।

७. कुनै पनि सरकारी निकायबाट अनुदान नपाएको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## अनुसुची-२

### बोका (बोयर वा अन्यजात) वितरण सम्बन्धी मापदण्ड

१. व्यवसायिक कृषकलाई विशेष मान्यता दिनुपर्नेछ ।

२. व्यवस्थित खोर निर्माण गरेको हुनु पर्नेछ ।

३. आहाराको लागि उचित दाना र घाँसको व्यवस्थापन गरेको हुनुपर्नेछ ।

४. बोकापालक कृषक ईच्छुक, जोसिलो, जागरिलो साथै जुनसुकै समयमा पनि सेवादिन सक्ने व्यक्ति हुनुपर्नेछ ।

५. सकभर वडा भित्रको केन्द्रविन्दुमा पर्ने गरि छनौट गर्नुपर्नेछ ।

६. बोयरबोका खरिद गरि ल्याएको कृषक छ भने वडाले मान्यता दिन सक्नेछ ।

७. कुनै पनि सरकारी निकायबाट अनुदान नपाएको हुनुपर्नेछ ।



## अनुसुची-३

### बोका खरिद (बोयर वा अन्यजात) ५० प्रतिशत अनुदान कार्यक्रम अर्न्तरगत छनौट भएका वडाका कृषकहरुलाई उन्नत जातको बोका वितरण गर्दा गरिने सम्झौता पत्र

दोरम्बा गाउँपालिका द्वारा पशु विकाश शाखा रामेछाप मार्फत संचालन गरिने चालु आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बोका खरिद (बोयर वा अन्यजात) ५०% अनुदान कार्यक्रम संचालन गर्न दोरम्बा गा.पा. पशु विकास शाखा (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा व्यवसायिक कृषक श्री............................(यस भन्दा पछाडि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरू गरि गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१) पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय संचालनको लागि प्रजनन् योग्य बोका खरिद गरि उपलब्ध गराईने छ ।

२) पहिलो पक्षबाट प्राप्त अनुदानको बोका दोस्रो पक्षले कम्तीमा ३ वर्ष माल्न वा दुरूपयोग गर्न पाउने छैन । यदि सट्टा गर्नु परेमा अर्को बोका तयार गरि राख्न सकिनेछ । मासे दुरूपयोग गरेको पाईएमा निजबाट सो रकम सरकारी बाँकी सरह असुलउपरको लागि आवश्यक कारवाहि चलाईनेछ । यसबाट उत्पादित वस्तुको बजार व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ ।

३) पहिलो पक्षले नियमित रूपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

४) कृषकले प्रत्येक महिना सेवा पुर्‍याएको प्रजननको विवरण सम्वन्धित गाउँपालिका पशु शाखामा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

५) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६) अनुदानमा उपलब्ध गराईएको प्रजनन् योग्य बोकाको ट्याग दुबै पक्षको उपस्थितिमा लगाईनेछ ।



Scanned with CamScanner

७) प्रजनन् योग्य बोकाको पालनपोषण तथा स्याहारको व्यवस्था कृषक आफैले मिलाउनु पर्नेछ ।

८) आफ्नो वडाका सबै कृषकहरूलाई नश्ल सुधारको लागि दोस्रो पक्षले प्रजननको लागि बोकाको आवश्यक शुल्क लिई उपलब्ध गराउनु पर्नेछ ।

१०) यस सम्भौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| दोरम्बा गा.पा.बाट सहि गर्ने | संस्था/सहकारी/कृषक समुह/कृषक |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| संस्थाको छाप :- | सम्पर्क नं. :- |
| रोहवर | संस्थाको छाप :- |
| ......................... | औंठाको छाप : दाँया बायाँ |
| कार्यलयको छाप | |

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner